# वराहपोखरी गाउँपालिकाको
# विनियोजन ऐन

**वराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा**

**व्यवस्था गर्न बनेको ऐन**

**वराहपोखरी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**बाघखोर भञ्ज्याङ, खोटाङ**

**प्रदेश नं १, नेपाल**

**(२०७५)**

# वराहपोखरी गाउँपालिकाको विनियोजन ऐन

## वराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५।०६।०४

प्रस्तावना: वराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम वराहपोखरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संझिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "वराहपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१). आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २४,९६,२४,४२६।०३ (अक्षेरुपी चौविस करोड छयानब्बे लाख चौविस हजार चार सय छब्बिस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन**: (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५ को निमित्त वराहपफखरी गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन अएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक

शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकरुमा रकम सार्न तथा निकासा र खर्च र जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा अन्तिम चौमासिक अगावै गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि -१
(दफा १ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## सँञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ/नगरकार्यपालिका | रु ४,१७,९५,०००।०० | रु ७,८७,४५,०००।०० | | रु १२,०५,४०,०००।०० |
| २ | | वडा समिति | रु ७२,००,०००।०० | रु २,०२,५०,०००।०० | | रु २,७४,५०,०००।०० |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावाव्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

वराहपोखरी गाउँपालिकाको गाउँसभाको सम्वत् २०७५ आश्विन ०४ गते बसेको बैठकले नपालको संविधानको धारा २२९ (२) बमोजिम यो विधयक पारित गरेको व्यहोरा प्रमाणित गर्दछु ।

(धनेन्द्र भुजेल)
प्रमुख प्रशासकीय अधिकृत
वराहपोखरी गाउँपालिका

वराहपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २२९ (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

(शालिकराम बन्जारा)
अध्यक्ष
वराहपोखरी गाउँपालिका